# तेह्रौं दक्षिण एशियाली खेलकुद सन् २०१९, आयोजना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६

**स्वीकृत मितिः २०७६।०५।२६**

**पहिलो संशोधन मितिः २०७६।०७।१७**

**प्रस्तावना :**

खेलकुदका माध्यमबाट दक्षिण एशियाली राष्ट्रहरुबीचको आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने अभिप्रायले सन् १९८४ देखि नेपालबाट शुरुवात भएको दक्षिण एशियाली खेलकुदको तेह्रौं संस्करण नेपालमा आयोजना हुने भएकोले सो खेलकुद आयोजनाको सिलसिलामा गरिने विभिन्न क्रियाकलापलाई सहज एवं व्यवस्थित बनाउदै खेलकुदलाई मर्यादित, स्वच्छ, निष्पक्ष र भव्य रुपमा सञ्चालन गर्न सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४ को दफा ४५ बमोजिम,

नेपाल सरकार, मन्त्रीपरिषद्बाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " तेह्रौ दक्षिण एशियाली खेलकुद सन् २०१९, आयोजना तथा व्यवस्थापन सम्बन्धी कार्यविधि **(पहिलो संशोधन)** २०७६" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजक समिति" भन्नाले खेलकुदको तयारी तथा व्यवस्थापनका लागि गठित दफा ११ बमोजिमको आयोजक समिति सम्झनु पर्छ ।

(ख) "उच्चस्तरीय निर्देशन समिति" भन्नाले १० अनुसारको उच्चस्तरीय निर्देशन समिति सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले खेलकुद आयोजनाको तयारीमा खटिएका कर्मचारी सम्झनु पर्छ ।

(घ) "कार्यकारी समिति" भन्नाले दफा १२ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(ङ) "खेलसंघ" भन्नाले खेलकुदमा समावेश भएका खेलसँग सम्बन्धित खेल संघ सम्झनु पर्छ।

(च) "खेलकुद" भन्नाले दक्षिण एशियाली राष्ट्रहरु सहभागी हुने तेह्रौ दक्षिण एशियाली खेलकुद सम्झनु पर्छ।

(छ) "नेपाल ओलम्पिक कमिटी" भन्नाले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी आबद्ध नेपालको ओलम्पिक कमिटी सम्झनु पर्दछ ।

(ज) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद परिषद् सम्झनु पर्छ ।

(झ) "बन्द प्रशिक्षण" भन्नाले खेलकुदमा सहभागी हुने नेपालको राष्ट्रिय टिमका खेलाडीलाई दिइने प्रशिक्षण सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

(ट) "विषयगत समिति" भन्नाले कार्यकारी समितिको मातहतमा कार्य सम्पादन गर्न गठित दफा १६ बमोजिमका समिति सम्झनु पर्दछ ।

(ठ) "सचिवालय" भन्नाले खेलकुदको तयारी तथा व्यवस्थापनका लागि गठित आयोजक समितिको सचिवालय सम्झनु पर्दछ ।

३. **उद्देश्यः** तेह्रौं दक्षिण एशियाली खेलकुद आयोजना, सञ्चालन तथा व्यवस्थापनका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन् :-

(क) सदस्य राष्ट्रहरुबीच खेलकुदको माध्यमबाट शान्ति, सद्भाव, भाइचारा र एकताको सम्बन्ध विकास गर्ने,

(ख) खेलकुदसँग सम्बन्धित नवीन सोच, प्रविधि र सम्भावना आदान प्रदान गर्ने,

(ग) खेल पर्यटनका माध्यमबाट नेपालको कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने,

(घ) सक्षम एवं स्वच्छ खेलाडीको उत्पादन गरी आर्थिक समृद्धि हासिल गर्न योगदान पुऱ्याउने,

(ङ) युवाहरुको शारीरिक, नैतिक तथा आत्मबलको विकास गर्ने,

(च) भौतिक पूर्वाधारहरुको विकास गरी खेलकुद अभ्यासमा प्रोत्साहन गर्ने,

(छ) दक्षिण एशियाली राष्ट्रहरुका खेलाडीहरुको बीचमा आपसी खेल प्रतिष्पर्धा गराई खेलस्तर बढाउने ।

## परिच्छेद-२

## सहभागी तथा खेल

४. **सहभागिता रहने** : खेलकुदमा देहाय बमोजिमका राष्ट्रहरुको सहभागिता रहनेछः-

(क) बंगलादेश,

(ख) भारत,

(ग) भुटान,

(घ) नेपाल,

(ङ) पाकिस्तान,

(च) माल्दिभ्स, र

(छ) श्रीलंका ।

५. **<u>खेल संख्या</u>**: खेलकुदमा समावेश गरिने खेलहरु अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ

६. **<u>खेल इभेन्टस</u>**: नेपालको प्रस्ताव तथा सहभागी राष्ट्रहरुको समझदारीमा खेल इभेन्ट्स निर्धारण हुनेछ ।

७. **<u>सहभागी खेलाडी दर्ता</u>**: खेलकुदमा सहभागी हुन आउने खेलाडी, निर्णायक, रेफ्री, जुरी र अफिसियल लगायतका व्यक्तिहरुको दर्ता नेपाल ओलम्पिक कमिटी मार्फत् गरिनेछ ।

८. **<u>खेल आयोजना स्थल तथा खेल सञ्चालन अवधि :</u>** (१) खेलकुद संवत २०७६ साल मंसिर १५ गतेदेखि मंसिर २४ गतेसम्म काठमाडौ उपत्यका, पोखरा र **जनकपुरमा** आयोजना गरिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित स्थानहरुमा तयार भएका भौतिक पूर्वाधारहरुको अवस्थाका आधारमा सो खेलकुदमा समावेश हुने खेलहरुको लागि उपयुक्त खेलस्थल छनौट गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कतिपय खेलहरुको प्रतिस्पर्धा उद्घाटन समारोह अगावै सञ्चालन गर्न सकिनेछ ।

९. **<u>आमन्त्रण गर्ने</u>**: (१) मन्त्रालयले आयोजक समितिको निर्णय बमोजिम नेपाल ओलम्पिक कमिटी मार्फत् तेह्रौं दक्षिण एशियाली खेलकुदका लागि विभिन्न देशका खेलाडी, प्रशिक्षक, व्यवस्थापक, एशियाली ओलम्पिक काउन्सिलका अध्यक्ष, मानार्थ अध्यक्ष तथा सदस्य, दक्षिण एशियाली खेल संघका अध्यक्ष लगायतका व्यक्तिहरुलाई आमन्त्रण गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी विशिष्ट अतिथिहरुलाई मन्त्रालयको सिफारिसमा नेपाल सरकारले आमन्त्रण गर्नेछ ।

(३) आमन्त्रण गरिएका अतिथिहरुलाई ओलम्पिकको प्रचलनअनुसार आवास र स्थानीय यातायातको व्यवस्था मिलाइनेछ ।

## परिच्छेद-३

## <u>समिति</u>

१०. **<u>उच्चस्तरीय निर्देशन समितिः</u>** (१) खेलकुदलाई व्यवस्थित, भव्य र सफल रुपमा सम्पन्न गर्न देहाय बमोजिमको उच्चस्तरीय निर्देशन समिति गठन हुनेछः-

| | |
|---|---|
| (क) प्रधानमन्त्री | -अध्यक्ष |
| (ख) मन्त्री, रक्षा मन्त्रालय | -सदस्य |
| (ग) मन्त्री, गृह मन्त्रालय | -सदस्य |

(घ) मन्त्री, परराष्ट्र मन्त्रालय -सदस्य

(ङ) मन्त्री, अर्थ मन्त्रालय -सदस्य

(च) मन्त्री, युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(छ) मन्त्री, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य

(ज) मुख्य मन्त्री, प्रदेश नं.३ -सदस्य

(झ) मुख्य मन्त्री, गण्डकी प्रदेश -सदस्य

(ञ) मुख्य सचिव, नेपाल सरकार -सदस्य

(ट) सचिव, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको उच्चस्तरीय निर्देशन समितिको मुख्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेलकुदको आयोजना, संचालन तथा व्यवस्थापनको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने, र

(ख) आयोजक समिति लगायत सम्बद्ध निकायहरुलाई आवश्यकता अनुसार निर्देशन दिने ।

(३) उच्चस्तरीय निर्देशन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**११.** **<u>आयोजक समिति</u>**ः (१) खेलकुदको आयोजना, संचालन तथा व्यवस्थापन लगायतका कार्यहरु सम्पन्न गर्न देहाय बमोजिमको एक आयोजक समिति रहनेछः-

(क) मन्त्री, युवा तथा खेलकुद -अध्यक्ष

(ख) प्रमुख, काठमाडौं महानगरपालिका -सदस्य

(ग) प्रमुख, ललितपुर महानगरपालिका -सदस्य

(घ) प्रमुख, पोखरा महानगरपालिका -सदस्य

(ङ) उपाध्यक्ष, राष्ट्रिय खेलकुद परिषद् -सदस्य

(च) सचिव, परराष्ट्र मन्त्रालय -सदस्य

(छ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ज) सचिव, युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(झ) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी -सदस्य

(ञ) महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपाल -सदस्य

(ट) बलाधीकृत रथी, नेपाली सेना -सदस्य

(ठ) अध्यक्ष, नेपाल ओलम्पिक कमिटि -सदस्य

(ड) महाशाखा प्रमुख, खेलकुद विकास महाशाखा, मन्त्रालय-सदस्य

(ढ) माननीय युवा तथा खेलकुद मन्त्रीले मनोनित गरेका खेलकुदसँग सम्बन्धित विज्ञहरुमध्येबाट बढीमा एघार जना -सदस्य

(ण) सदस्य सचिव, राष्ट्रिय खेलकुद परिषद् -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको आयोजक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेलकुद आयोजना गर्नको लागि अर्थ मन्त्रालयको सहमति लिई योजना तथा बजेट स्वीकृत गर्ने ।

(ख) खेलकुदको लागि आवश्यक पर्ने खेल पूर्वधारको निर्माण, मर्मत एवं स्तर उन्नति लगायतका कार्यहरुका लागि कार्यकारी तथा अन्य विषयगत समितिलाई आवश्यक निर्देशन दिने ।

(ग) खेलकुदमा समावेश हुने खेलहरुको सूचि अनुमोदन गर्ने ।

(घ) खेलकुदको लोगो, मस्कट स्वीकृत गर्ने तथा सोको लागि आवश्यक सफ्टवेयर निर्माण गर्न लगाउने ।

(ङ) खेलकुद सञ्चालनका लागि विभिन्न समिति, उप समितिहरु गठन गरी तिनीहरुको काम, कर्तव्य र अधिकार तोक्ने र आवश्यकता अनुगमन गरी निर्देशन गर्ने ।

(च) खेलकुदमा सहभागी राष्ट्रहरुसँग आवश्यक समन्वय, छलफल तथा अन्तर्क्रिया गर्ने, गराउने।

(छ) खेलकुदको लागि आवश्यक कार्यविधि तथा निर्देशिका तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने ।

(ज) खेलकुदमा नेपालको सहभागितालाई प्रभावकारी तुल्याउन आवश्यक व्यवस्था मिलाउने ।

(झ) खेलकुदको आयोजना तथा संचालनलाई व्यवस्थित गराउन आवश्यक अन्य सम्पूर्ण कार्यहरु गर्ने गराउने ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुनु अघि गठन भएको तयारी तथा व्यवस्थापन समितिले सम्पादन गरेका काम कारवाही यसै समितिले भए गरेको मानिनेछ ।

१२. **कार्यकारी समितिः** (१) आयोजक समितिको प्रत्यक्ष निर्देशनमा रही तेह्रौं दक्षिण एशियाली खेलकुदलाई व्यवस्थित रुपमा आयोजना तथा सञ्चालन गर्न देहाय बमोजिमको कार्यकारी समिति गठन गरिनेछः-

(क) सदस्य सचिव, राष्ट्रिय खेलकुद परिषद् -संयोजक

(ख) महाशाखा प्रमुख, खेलकुद विकास महाशाखा, मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(घ) आयोजक समितिका सदस्यहरुमध्येबाट आयोजक समितिका अध्यक्षले तोकेको दुई जना -सदस्य

(२) उपदफा (१) बमोजिमको कार्यकारी समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(३) कार्यकारी समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र बैठकमा भएको निर्णयको प्रमाणित संयोजकबाट हुनेछ ।

(४) कार्यकारी समितिका संयोजक र सदस्यले नेपाल सरकार, अर्थ मन्त्रालयले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(५) कार्यकारी समितिको सचिवको रुपमा सचिवालयको प्रमुखले काम गर्नेछ ।

(६) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार :</u>** (१) कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालमा खेलकुद आयोजना गर्ने सम्बन्धमा योजना तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि आयोजक समिति समक्ष पेश गर्ने ।

(ख) खेलकुद आयोजना र सञ्चालनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारको निर्माण, मर्मत तथा स्तरोन्नति लगायतका कार्यहरु गर्ने, गराउने ।

(ग) खेलकुदमा समावेश गरिएका खेलहरुको लागि खेल स्थल तोक्ने ।

(घ) खेलकुदका सहभागी राष्ट्रहरुसंग आवश्यक समन्वय, छलफल र अन्तर्क्रिया गर्ने, गराउने ।

(ङ) कार्य सम्पादनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने, गराउने ।

(च) खेलकुद आयोजना तथा व्यवस्थापनका सन्दर्भमा इभेन्ट मेनेजमेन्ट सम्बन्धी कार्य गर्ने, गराउने।

(छ) खेलकुद आयोजना तथा सञ्चालनका लागि खेल सामग्री तथा उपकरण लगायतका सामग्रीहरुको व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने, गराउने ।

(ज) प्रचलित कानून एवं स्वीकृत आर्थिक कार्यविधि अनुसार बजेट कार्यान्यन गर्ने, गराउने ।

(झ) कामको प्रकृति अनुसार आवश्यक कार्यदलहरु गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने ।

(ञ) खेलकुद सम्पन्न भए लगतै अन्तिम प्रतिवेदन तयार गरी आयोजक समिति र मन्त्रालयमा पेश गर्ने।

(ट) खेलकुद सम्पन्न भएको तीन महिनाभित्र अन्तिम लेखा परीक्षण गराउने ।

(ठ) नियमानुसार खेलहरु सञ्चालन गर्ने, गराउने ।

(ड) खेलकुद आयोजना, तयारी तथा व्यवस्थापन सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(२) कार्यकारी समितिले आफूलाई तोकिएका कामहरुमध्ये कुनै काम कुनै सदस्य वा निकायले सम्पादन गर्ने गरी जिम्मेवारी दिन सक्नेछ ।

१४. **सचिवालयः** (१) खेलकुद तयारी एवं व्यवस्थापन सम्बन्धमा कार्यकारी समितिबाट भएका निर्णय कार्यान्वयन गर्न, गराउनका लागि कार्यकारी समितिले सचिवालयको स्थापना गर्नेछ ।

(२) खेलकुद आयोजना तथा व्यवस्थापनका लागि दैनिक कार्य सञ्चालनको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, गराउने दायित्व उपदफा (१) बमोजिम स्थापित सचिवालयको हुनेछ ।

(३) खेल आयोजना हुने काठमाडौ उपत्यका बाहेकका अन्य शहरमा समन्वय गर्नका लागि आवश्यकता अनुसार सम्पर्क सचिवालयको व्यवस्था गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको सचिवालयमा विषयगत समितिका सचिवहरु समेत गरी विभिन्न सेवाका बढीमा पच्चीस जना कर्मचारी रहनेछन्।

(५) सचिवालयको दैनिक प्रशासनिक कार्य सम्पादनका लागि तेह्रौं दक्षिण एशियाली खेलकुदको प्रतीक चिन्ह अंकित लेटर प्याड र छुट्टै छापको प्रयोग गरिनेछ ।

(६) सचिवालयले खेलकुदको तयारीका लागि आवश्यकता अनुसार विभिन्न विषयगत समिति, उपसमिति र विभागीय प्रमुखहरु, सम्बन्धित खेल संघ, खेल विज्ञ लगायतको विषयगत बैठक बस्ने व्यवस्था मिलाउनेछ ।

१५. **स्थानीय व्यवस्थापन तथा सहजीकरण समितिः** (१) आयोजक समितिले पोखरामा हुने खेलको आयोजना, सञ्चालन तथा व्यवस्थापनका लागि आयोजक समितिका सदस्यहरुमध्ये एक जना सदस्यको संयोजकत्वमा एक स्थानीय व्यवस्थापन तथा सहजीकरण समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा बढीमा पाँच जनासम्म सदस्यहरु रहनेछन् ।

(३) उपदफा (१) बमोजिमको समितिको सचिवालय गण्डकी प्रदेश खेलकुद विकास समितिको कार्यालयमा रहनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिलाई आवश्यक पर्ने जनशक्ति दफा १४ बमोजिमको सचिवालयले उपलब्ध गराउनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिले कार्यकारी समितिसँगको समन्वय र निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको समितिले आफ्नो बैठकको कार्यविधि आफै तय गर्न सक्नेछ ।

(७) समितिका पदाधिकारीलाई बैठक बसेको दिनमा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स बमोजिमको बैठक भत्ता उपलब्ध हुनेछ ।

१६. **विषयगत समिति गठन गर्न सक्ने**: (१) खेलकुदलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आयोजक समितिले बढीमा सात सदस्य रहने गरी देहाय बमोजिमका विषयगत समितिहरु गठन गर्न सक्नेछः-

(क) राष्ट्रिय टिम तयारी समिति
(ख) खेलस्थल व्यवस्थापन समिति
(ग) प्राविधिक समिति
(घ) स्रोतसाधन परिचालन समिति
(ङ) सुरक्षा समिति
(च) आवास व्यवस्थापन समिति
(छ) यातायात व्यवस्था समिति
(ज) स्वास्थ्य समिति
(झ) प्रचार, प्रसार तथा प्रकाशन समिति
(ञ) समारोह व्यवस्थापन समिति
(ट) स्वयंसेवक परिचालन समिति
(ठ) अनुगमन, निरीक्षण तथा मूल्याङ्कन समिति
(ड) अतिथि सत्कार समिति
(ढ) खेलसामग्री, उपकरण तथा पोशाक व्यवस्थापन समिति
(ण) एन्टि डोपिङ्ग समिति

(२) उपदफा (१) बमोजिमका विषयगत समितिहरुको काम, कर्तव्य र अधिकार अनुसूची-२ बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमका समितिहरुको बैठक आवश्यकतानुसार बस्नेछ ।

(४) उपदफा (१) बमोजिमका समितिहरुमा संयोजक र सदस्यहरु आयोजक समितिले मनोनयन गर्नेछ ।

(५) उपदफा (१) बमोजिमका समितिले कार्य प्रकृति अनुसार बढीमा तीन जनासम्म सम्बन्धित विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(६) कार्यकारी समितिले सचिवालयका कर्मचारीहरुमध्येबाट प्रत्येक समितिमा एकजना सचिव रहने व्यवस्था मिलाउनेछ ।

(७) उपदफा (१) बमोजिमका समितिहरुले आफ्नो बैठक सम्बन्धी कार्यविधि आफै तय गर्न सक्नेछन् ।

(८) उपदफा (१) बमोजिमका समितिको बैठक बस्दा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्स अनुसारको बैठक भत्ता उपलब्ध हुनेछ ।

## परिच्छेद-४

## <u>खेलकुद आयोजना तथा व्यवस्थापन</u>

**१७. <u>सहायता कक्ष</u>:** खेलकुदमा सहभागी हुन आउने महानुभावहरुलाई आवश्यक जानकारी गराउने प्रयोजनको लागि आवश्यकता अनुसार विषयगत समिति मार्फत् सहायता कक्ष खडा गरिनेछ ।

**१८. <u>समारोह व्यवस्थापन</u>:** (१) खेलकुदको उद्घाटन तथा समापन समारोह भव्य रुपमा सम्पन्न गरिनेछ ।

(२) उद्घाटन, समापन तथा खेलकुद सञ्चालन हुने स्थानमा खेलाडी एवं प्रशिक्षकहरुको आवागमनलाई सहज बनाउन सो खेलकुदका लागि प्रयोग हुने सवारी साधनलाई प्राथमिकता दिने गरी रुट निर्धारण गर्न सकिनेछ ।

(३) खेलकुदको उद्घाटन समारोहमा नेपालका ख्याती प्राप्त खेलाडीहरुको समूहबाट ओलम्पिक टर्च प्रज्ज्वलन गरी खेल अवधिभर प्रज्ज्वलित हुने व्यवस्था मिलाइनेछ ।

(४) खेलकुदको उद्घाटन तथा समापन समारोहमा नेपालका ख्यातीप्राप्त कलाकारहरुबाट साँस्कृतिक प्रस्तुती दिने व्यवस्था मिलाइनेछ ।

**१९. <u>सेफ दि मिसन</u>:** नेपालको तर्फबाट खेलकुदमा सहभागी टिमको नेतृत्व गर्न ओलम्पिकको व्यवस्था अनुसार सेफ दि मिसन तथा डेपुटी सेफ दि मिसन तोकिनेछ ।

**२०. <u>सपथ ग्रहण</u>:** (१) खेलकुदमा सहभागी खेलाडी तथा निर्णायकहरुले सपथ ग्रहण लिनु पर्ने व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिम लिइने सपथ ग्रहणको ढाँचा अनुसूची-३ र खेलकुद सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन अनुसार हुनेछ ।

**२१. <u>एक्रिडियसन कार्ड सम्बन्धी व्यवस्था</u>:** (१)खेलकुदमा सहभागी हुने खेलाडी, अफिसियल, प्रशिक्षक, म्यानेजर, रेफ्री, निर्णायक, विशिष्ट तथा अतिविशिष्ट पाहुनाहरुलाई एक्रिडियसन कार्ड उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध हुने कार्डको मान्यता खेलकुद समापन भएको सात दिनसम्म रहनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्ड नेपाल ओलम्पिक कमिटी मार्फत् वितरण गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको कार्डको वर्गीकरण खेलकुदको अन्तर्राष्ट्रिय प्रचलन अनुसार हुनेछ ।

२२. **<u>स्वयंसेवक तथा सम्पर्क अधिकृत परिचालन गरिने</u> :** (१) खेलकुद व्यवस्थापनको सिलसिलामा काठमाडौं उपत्यका र पोखरामा गरी बढीमा पाँचसय जना स्वयंसेवक तथा बढीमा एकसय जना सम्पर्क अधिकृतहरुको परिचालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम परिचालन गरिने स्वयंसेवकहरुका लागि खेल अघिपछि गरी प्रोत्साहन स्वरुप बढीमा तीस दिनको प्रतिदिन एक हजार रुपैयाका दरले खाजा तथा खाना खर्च र सञ्चार खर्च बापत एकमुष्ठ पाँचसय रुपैया तथा सम्पर्क अधिकृतका लागि बढीमा पन्ध्र दिनको प्रतिदिन एकहजार रुपैयाका दरले खाजा तथा खाना खर्च र सञ्चार खर्च बापत एकमुष्ठ एकहजार रुपैया उपलब्ध गराइनेछ ।

## परिच्छेद-५

## <u>राष्ट्रिय टिमका खेलाडी छनौट, तयारी तथा प्रशिक्षण</u>

२३. <u>राष्ट्रिय टिमका खेलाडीको छनौट,तयारी तथा प्रशिक्षण</u>: (१) खेलकुदमा सहभागी हुने राष्ट्रिय टिमका खेलाडी छनौटका लागि खेलाडी छनौट कार्यविधि तयार गरी छनौट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम खेलाडीको छनौट भएपछि निजहरुलाई आवश्यक प्रशिक्षण दिनको लागि प्रशिक्षणको तालिका प्रकाशित गरिनेछ ।

(३) खेलकुदमा सहभागी हुने राष्ट्रिय टिमको तयारी परिषद्ले गर्नेछ ।

(४) खेलकुदमा सहभागी खेलाडीहरुको बन्द प्रशिक्षण कार्यक्रम तीन चरणमा सञ्चालन गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिम खेलाडीहरुलाई बन्द प्रशिक्षणमा राख्दा अन्तर्राष्ट्रिय प्रशिक्षणको आवश्यकता देखिएमा प्रशिक्षणका लागि विदेश समेत पठाउन सकिनेछ ।

२४. **<u>पोशाक सम्बन्धी व्यवस्था</u>:** (१) बन्द प्रशिक्षणमा रहने खेलाडीहरुलाई आवश्यक खेल किट्सको व्यवस्था गरिनेछ ।

(२) खेलकुदमा सहभागी हुने नेपाली खेलाडी, अफिसियल, कोच, म्यानेजर, रेफ्री, निर्णायक लगायतका व्यक्तिलाई ट्र्याकसुट, जुत्ता, मोजा, जर्सी, टावेल सहितको किट्स ब्याग व्यवस्था गरिनेछ ।

(३) खेलकुदमा खटाइने स्वयं सेवक तथा सम्पर्क अधिकृतहरुका लागि छुट्टै पहिचान सहितको पोशाकको व्यवस्था गरिनेछ।

(४) नेपालको तर्फबाट खेलकुदमा सहभागी हुने पदाधिकारी, खेल व्यवस्थापक, खेलाडी, प्रशिक्षक पुरुष भएमा सेतो रंगको दौरा, सुरुवाल, कालो टोपी र कालो जुत्ता र महिला भएमा हकमा साडी, ब्लाउज, नीलो कोट र कालो जुत्ता लगाएर सहभागी हुनु पर्नेछ ।

(५) खेलकुदमा खटिएका निर्णायकहरूलाई जर्सी उपलब्ध गराइनेछ ।

## परिच्छेद-६

## वित्तीय व्यवस्थापन

**२५. आर्थिक व्यवस्थापन**: (१) नेपाल सरकारले खेलकुद सञ्चालनका लागि आवश्यक पर्ने बजेट व्यवस्थापन तथा स्रोतको परिचालन गर्नेछ ।

(२) खेलकुदका सहभागीहरुबाट प्राप्त हुने शुल्क कार्यकारी समितिद्वारा सञ्चालन गरिने बैंक खातामा जम्मा गरिनेछ ।

(३) खेलकुदमा सहभागी हुने स्वदेशी तथा विदेशी खेलाडी, प्रशिक्षक, अफिसियल, लगायत अन्य विशिष्ट पाहुनाहरुको यातायात, खाना तथा आवास लगायतका सुविधाहरु यस कार्यविधिमा उल्लेख भए अनुसार हुनेछ ।

**२६. बजेटको स्रोत सम्बन्धी व्यवस्था:**(१) खेलकुद आयोजना एवं सञ्चालन गर्न देहाय बमोजिमको स्रोत परिचालन गरिनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विभिन्न मित्र राष्ट्रहरु **व्यक्ति वा संस्थाहरुबाट** सहयोग स्वरुप प्राप्त हुने रकम तथा सामग्री,

(ग) अन्य दाता, होर्डिङ्ग बोर्ड, विज्ञापन, सौजन्य, टिकट आदिबाट प्राप्त रकम,

(घ) प्रत्येक सहभागी टिमबाट प्रतिव्यक्ति प्रतिदिन पैत्तीस अमेरिकी डलर तथा तोकिएका अफिसियल भन्दा बढी अफिसियल भएमा उनीहरुबाट प्रतिदिन प्रतिव्यक्ति एकसय अमेरिकी डलरका दरले प्राप्त हुन आउने रकम ।

**(१क) यसरी प्राप्त हुने वस्तु तथा सेवाहरुको अभिलेख राखी सोको जानकारी सम्बन्धित निकायलाई दिनुपर्नेछ ।**

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम प्राप्त हुने रकम "क" वर्गको वाणिज्य वैंकमा अमेरिकी डलरमा खाता खोली जम्मा गरिनेछ।

(३) उपदफा (३) बमोजिम जम्मा गरिएको रकमबाट विदेशी सहभागी एवं प्रशिक्षकहरुलाई फिर्ता वा भुक्तानी दिएपछि बचत हुन आएको रकम राजश्व खातामा जम्मा गरिनेछ ।

२७. **<u>तयारी प्रशिक्षणको लागि सुविधा उपलब्ध गराइने</u>:** (१) नेपालको राष्ट्रिय टिमको खेलाडीहरुलाई तयारी प्रशिक्षणको चरणबद्ध कार्यक्रमका लागि यातायात, बसोबास, पोषणयुक्त खाना तथा पकेट खर्चको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय टिमको खेलाडीहरुलाई तयारी प्रशिक्षणको चरणबद्ध कार्यक्रमका लागि खेलाडी तथा प्रशिक्षकलाई देहाय बमोजिमको बसोबास तथा पोषणयुक्त खाना खर्च उपलव्ध गराइनेछः-

(क) प्रथम चरणको प्रशिक्षणमा सहभागी हुनेलाई दैनिक प्रतिव्यक्ति दुईहजार रुपैया ।

(ख) दोस्रो चरणको प्रशिक्षणमा सहभागी हुनेलाई प्रतिदिन प्रतिव्यक्ति दुईहजार दुईसय रुपैया।

(ग) तेस्रो तथा अन्तिम चरणको स्वदेशमै हुने प्रशिक्षणमा छनौट भएका खेलाडी, प्रशिक्षक, व्यवस्थापकलाई प्रतिव्यक्ति प्रतिदिन दुईहजार पाँस सय रुपैया र विदेशमा प्रशिक्षण हुने भएमा सो प्रशिक्षणमा सहभागी हुने व्यक्तिलाई नेपाल सरकारको भ्रमण खर्च नियमावली, २०६४ मा भएको व्यवस्था अनुसारको सुविधा । तर यस व्यवस्थाले परिषद्को पूर्व स्वीकृति लिई एक पटक मात्र वैदिशक प्रशिक्षणमा जाने खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकहरुलाई उक्त सुविधा प्रदान गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(३) तेस्रो चरणको प्रशिक्षणमा सहभागी हुने सम्पूर्ण खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई पकेट खर्चका लागि प्रशिक्षण स्वदेशमा भएमा प्रतिव्यक्ति दैनिक दुईसय पचास रुपैया र विदेशमा हुने भएमा प्रति व्यक्ति दैनिक पन्ध्र अमेरिकी डलर रकम उपलब्ध गराइनेछ ।

(४) बन्द प्रशिक्षणमा रहेका तर क्याम्पमा नबस्ने प्रशिक्षकहरुलाई यातायात तथा पोषणयुक्त खाना वापत दैनिक नौसय रुपैयाका दरले हुन आउने रकम उपलब्ध गराइनेछ ।

(५) प्रशिक्षण स्थल र प्रशिक्षणका सहभागीहरुको बसोबास स्थानको अवस्था हेरी यातायातका साधनको व्यवस्था गर्न सकिनेछ ।

(६) विशेष पोषणयुक्त खाना आवश्यक पर्ने खेलाडीहरुका लागि कार्यकारी समितिले निर्णय गरी दोस्रो चरणबाट थप रकम व्यवस्था मिलाउन सक्नेछ ।

(७) यस दफा बमोजिम खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई सुविधाहरु उपलब्ध गराउँदा नेपाल सरकारको भ्रमण खर्च नियमावली, २०६४ सँग दोहारो नहुने गरी उपलब्ध गराउनु पर्नेछ।

२८. **खेलकुद <u>आयोजना तथा सहभागिताका क्रममा उपलब्ध गराइने सुविधा</u> :** (१) खेलकुदमा सहभागी हुने स्वदेशी टोलीहरुलाई कार्यकारी समितिले तोके अनुसार पोषणयुक्त खाना, होटेल बास, यातायात, खेल पोशाक, खेल सामग्री र पकेट खर्च उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा उपलब्ध गराउँदा कार्यकारी समितिले पकेट खर्चको सुविधा वापत नगद रकम र सो बाहेक अन्य सुविधा सोझै सम्बन्धित सेवा प्रदायक वा सम्बन्धित व्यक्तिलाई भुक्तानी दिने गरी व्यवस्था मिलाउन सक्नेछ।

(३) खेलकुदमा सहभागी हुने स्वदेशी तथा विदेशी टोलीलाई खेल अवधिभर कार्यकारी समितिले तोके अनुसारको होटल सुविधा उपलब्ध गराउनेछ ।

(४) उपदफा (३) अनुसारको सुविधा वापतको रकम सम्बन्धित होटललाई सोझै भुक्तानी दिइनेछ ।

(५) खेलकुदमा सहभागी हुने स्वदेशी खेलाडी, प्रशिक्षक, कर्मचारी तथा पदाधिकारीलाई यस कार्यविधि बमोजिम उपलब्ध हुने सुविधामा दोहोरो नपर्ने गरी दैनिक भ्रमण भत्ता नियमावली, २०६४ बमोजिमको दैनिक तथा भ्रमण भत्ता रकम उपलब्ध गराउन सकिनेछ ।

(६) उपदफा (५) अनुसारको रकम उपलब्ध गराउँदा प्रचलित कानुन अनुसार तह वा श्रेणी खुलेको हकमा सोही अनुसार तथा तह वा श्रेणी नखुलेको हकमा राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी सरहको सेवा सुविधा उपलब्ध गराइनेछ ।

(७) खेलकुदमा सहभागी विदेशी निर्णायकहरुलाई कार्यकारी समितिले तोके अनुसारको पोशाक र निर्णायक भत्ता उपलब्ध गराउनेछ।

(८) खेल अवधिभरमा सहभागी हुने स्वदेशी तथा विदेशी खेलाडी, प्रशिक्षक, अफिसियल, लगायत अन्य विशिष्ट अतिथिहरुलाई खेल सञ्चालन हुने स्थानसम्म आउनजानका लागि यातायातका साधनको व्यवस्था गरिनेछ ।

(९) बिदाको दिन वा कार्यालय समयबाहेक अतिरिक्त समय कार्य सम्पादन गर्नुपर्ने कर्मचारीलाई खटिएको अतिरिक्त समयको लागि नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत कार्यसञ्चालन निर्देशिका बमोजिम अतिरिक्त समयको भत्ता रकम उपलब्ध गराइनेछ ।

(१०) उपदफा (९) बमोजिम रकम उपलब्ध गराउँदा दैनिक भ्रमण भत्तासँग दोहोरो नहुने गरी उपलब्ध गराउनु पर्नेछ ।

(११) यस दफा बमोजिमको रकम भुक्तानी पाउनका लागि निर्धारित स्थानमा खटिएको पत्र र निर्धारित स्थानमा उपस्थित भएको प्रमाणित हाजिरी प्रमाण पेश गर्नु पर्नेछ ।

२९. **पोशाक खर्चः** (१) बन्द प्रशिक्षणमा रहने खेलाडीहरुलाई प्रति खेलाडी चार हजार पाँचसय रुपैयामा नबढ्ने गरी खेल किट्स व्यवस्था गरिनेछ ।

(२) खेलकुदमा सहभागी हुने नेपाली खेलाडी, अफिसियल, कोच, म्यानेजर, रेफ्री, निर्णायक लगायतका व्यक्तिलाई ट्रयाकसुट, जुत्ता, मोजा, जर्सी, टावेल सहितको प्रतिव्यक्ति बाह्र हजार रुपैयामा नबढ्ने गरी किट्स ब्याग व्यवस्था गरिनेछ ।

(३) खेलकुदमा खटिने स्वयंसेवक तथा सम्पर्क अधिकृतहरुका लागि प्रतिव्यक्ति दुई हजार रुपैयामा नबढ्ने गरी छुट्टै पहिचान झल्किने पोशाक उपलब्ध गराइनेछ ।

(४) खेलकुदमा खटिएका निर्णायकहरूलाई प्रतिव्यक्ति एक हजार रुपैयामा नबढ्ने गरी जर्सी उपलब्ध गराइनेछ ।

३०. **<u>रकम उपलब्ध गराउने</u>:** (१) प्रत्येक खेलका बन्द प्रशिक्षण शिविरमा रहेका वरिष्ठ प्रशिक्षक, खेलकुदमा सहभागी व्यवस्थापक वा प्रशिक्षकले आफ्नो खेलमा समावेश कोटाभित्र परेका खेलाडी तथा प्रशिक्षकको नामावली तथा स्वीकृत हाजिरी रेकर्ड राखी तोकेको ढाँचाको भत्ता वितरण फाराम भरी सचिवालयमा रकम माग गर्नु पर्नेछ र सचिवालयले प्राप्त विवरण जाँच गरी निज वा सम्बन्धित व्यक्तिमार्फत् पकेट खर्च, पोषणयुक्त खाना तथा बसोबासको रकम उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम उपलव्ध गराउँदा अवस्था हेरी शुरुमा पन्ध्र दिनलाई पुग्ने रकम पेश्की स्वरुप उपलब्ध गराइनेछ र त्यस्तो पेश्की रकम फछ्र्यौट गरेपछि मात्र पछिल्लो चरणको रकम निकासा दिइनेछ ।

(३) खेलकुदको अवधिमा नेपाली खेलाडीहरुको हकमा दैनिक भ्रमण भत्तासँग दोहोरो नपर्ने गरी एक महिना अगाडिदेखि तोकिएको भत्ता प्रदान गरिनेछ ।

३१. **<u>आवश्यक सामग्री खरिद</u>:** (१) खेलकुदका लागि आवश्यक खेल सामग्री, पोशाक तथा किट बक्स लगायतका सामग्रीहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुने गरी खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खरिदको खरिद प्रक्रिया पूरा गर्दा तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी खेलकुद सञ्चालन गर्ने कार्यमा बाधा उत्पन्न हुने देखिएमा खरिद कानुन प्रतिकूल नहुने गरी प्रतिस्पर्धा गराई कानुनमा व्यवस्था भएको खरिद प्रकृयामा तोकिएको समय घटाई खरिद गर्न सकिनेछ ।

**(३) उपदफा २ बमोजिम खरिद प्रक्रिया पूरा गर्दा समेत अत्यावश्यक खेलसामग्री तथा तत्सम्बन्धी सेवा खरिद गरी खेलकुद सञ्चालन गर्न नसकिने विशेष अवस्थाको सिर्जना भएमा लिखित विवरण, गुणस्तर, परिणाम, शर्त र कार्य सम्पन्न गर्ने अविध यकिन गरी स्वीकृत लागत अनुमानको सिमा भित्र रही प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार मूल्यका आधारमा परिषद्ले आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउपत्र वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यमा वार्ताद्वारा वस्तु तथा सेवा खरिद गर्न सक्नेछ। यसरी खरिद गर्दा देहायका कुरा खुल्ने गरी अभिलेख राख्नुपर्नेछ ।**

**(क) कार्यविधिको दफा ३१ को उपदफा (१) र (२) अनुसार खरिद गर्नका लागि गरिएको प्रयास,**
**(ख)तत्काल खरिद गर्नु पर्ने कारण,**
**(ग) खरिदका लागि अन्य विधि र प्रक्रिया अपनाउनु नसकिने आधार र कारण ।**

**३२. <u>स्वास्थ्योपचार तथा बीमा</u>:** (१) खेलकुदमा सहभागी हुने विदेशी तथा स्वदेशी खेलाडी, अफिसियल र अन्य प्राविधिकहरुको खेल सञ्चालनका सिलासिलामा घाइते भएमा स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।

(२) खेलकुदमा देहाय बमोजिमका सहभागी हुने व्यक्तिलाई देहाय बमोजिम दुर्घटना बिमाको व्यवस्था गरिनेछ :-

(क) विदेशी खेलाडी, प्रशिक्षक, रेफ्री, निर्णायक, व्यवस्थापक, अफिसियलको हकमा नेपाल प्रवेश गरेको दिनदेखि संलग्न भएको खेल समाप्त भएको दिनको पछिल्लो एक दिनसम्मको दुर्घटना बिमा ।

(ख) विशिष्ट र अति विशिष्ट अतिथिहरुको हकमा नेपाल प्रवेश गरेको दिनदेखि आफ्नो देश प्रस्थान गर्दाको दिनसम्मका लागि दुर्घटना बिमा ।

(ग) नेपाली खेलाडीहरुको हकमा बन्द प्रशिक्षणमा रहेको समयदेखि संलग्न भएको खेल समाप्त भएपछिको दुई दिनसम्मका लागि दुर्घटना बिमा ।

(घ) विभिन्न समितिमा क्रियाशील व्यक्तिहरु र खेलकुदमा खटिएका कर्मचारीको लागि खेल प्रारम्भ हुनुभन्दा तीन दिन अगाडिदेखि खेल समाप्त भएको भोलिपल्टसम्मका लागि दुर्घटना बिमा ।

(ङ) नेपाली टिममा सहभागी, व्यवस्थापक, अफिसियल, रेफ्री, निर्णायक, प्रशिक्षकहरुका लागि खेल प्रारम्भ हुनुभन्दा दुई दिन अगाडिदेखि खेल समाप्त भएको भोलिपल्टसम्मका लागि दुर्घटना बिमा ।

(३) उपदफा (२) बमोजिम हुने बीमाको अधिकतम रकम दश लाख रुपैंयासम्म हुनेछ ।

(४) दुर्घटना बिमा गर्दा लाग्ने प्रिमियम शुल्क नेपाल सरकारबाट खेलकुदको लागि विनियोजित बजेटबाट व्यवस्था गरिनेछ ।

**३३. <u>रकम भुक्तानी गरिने</u>:** खेलकुदका सिलसिलामा कुनै विदेशी प्राविधिकहरुलाई काममा लगाउनु परेमा निजलाई सो काम वापत विदेशी मुद्रामा रकम उपलब्ध गराइनेछ । **यस कार्यविधि अन्तर्गत खरिद गरिएका निर्माण, वस्तु, सेवा तथा परामर्शको भुक्तानी गर्दा सम्झौताका शर्त अनुसार परिमाण तौल, गुणस्तर लगायत अन्य आधारहरु सम्बन्धित प्राविधिकहरुबाट निरीक्षण गराई भुक्तानी दिनुपर्नेछ ।**

३४. **<u>आर्थिक कारोवारको सञ्चालनः</u>** (१) खेलकुदको आयोजना, सञ्चालन तथा व्यवस्थापनका लागि आर्थिक कारोवारको सञ्चालन परिषद्‌बाट हुनेछ ।

(२) प्रचलित कानुन बमोजिम समग्र कारोवारको लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी कार्यकारी समितिको संयोजकले निर्वाह गर्नेछ ।

(३) खेलकुदको आयोजना, सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त रकम प्रचलित आर्थिक कार्यविधि ऐन तथा नियमावली बमोजिम हुने गरी तेह्रौं दक्षिण एशियाली खेलकुद कोषको नाममा तोकिएको बैंकमा चल्ती खाता खोली आर्थिक कारोवार गर्ने, गराउने व्यवस्था मिलाइनेछ ।

(४) खेलकुदको आर्थिक कारोवारको सञ्चालन कार्यकारी समितिको संयोजक र परिषद्‌को आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद-७

## <u>प्रचार प्रसार तथा प्रतिवेदन सम्बन्धी</u>

३५. **<u>प्रचार प्रसारको व्यवस्था :</u>** (१) खेलकुदको तयारीदेखि समापन अवधिसम्म विभिन्न सञ्चारका माध्यमबाट खेलकुदको प्रचार प्रसारको व्यवस्था मिलाइनेछ ।

(२) उपदफा (१) बमोजिम गरिने प्रचार प्रसार क्रममा खेलकुदको उद्‌घाटन, समापन तथा अन्य महत्वपूर्ण कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।

(३) खेलकुदलाई थप जानकारीमूलक बनाउन वेभसाइट र सफ्टवेयर निर्माण र खेल अवधिभरको सि.डी.(विद्युतीय अभिलेख) तयार गरिनेछ ।

(४) खेलकुद शुरु हुन बाँकी समयको गणना गर्ने व्यवस्था गरिनेछ।

(५) खेलकुदका लागि तयार गरिएको लोगो र गीतको प्रोमो, जिंगल, टेलिभिजन, रेडियोमार्फत् प्रसारण गर्ने व्यवस्था गरिनेछ ।

३६. **<u>मिडिया सेन्टरः</u>** (१) खेल अवधिभरको सूचना प्रत्येक दिन उपलब्ध गराउने उद्देश्यले मिडिया सेन्टर स्थापना गरी सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

(२) प्रत्येक दिन सम्पन्न भएका खेलको नतिजा सहित दोस्रो दिनको खेल तालिका प्रकाशन गरिनेछ ।

३७. **<u>आधिकारिक मिडिया</u>**: कार्यकारी समितिले खेलकुदको सूचना प्रकाशन तथा प्रसारणका लागि उपयुक्त विधुतीय तथा छापा सम्बन्धी सञ्चार साधनको छनौट गरी आधिकारिक मिडियाका रुपमा उपयोग गर्न सक्नेछ ।

३८. **<u>टि.भी.राइट्स</u>**: (१) खेलकुदको समुद्घाटन कार्यक्रम, खेल प्रतिस्पर्धा, परिणाम र समापनको प्रत्यक्ष प्रसारणका लागि टेलिभिजन अधिकार बिक्री गरिनेछ ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिम बिक्री गरिने टेलिभिजन अधिकार किन्न चाहने टेलिभिजन च्यानलबाट प्रस्ताव आव्हान गरी प्रतिस्पर्धाका आधारमा टेलिभिजन च्यानलको छनौट गर्नेछ ।

३९. **<u>स्मारिका तथा प्रतिवेदन प्रकाशन</u>**: (१) खेलकुद सम्पन्न भए पश्चात् कार्यकारी समितिले प्रतिवेदन तयार गरी प्रकाशन गर्नुका साथै मन्त्रालयमा समेत पेश गर्नु पर्नेछ ।

(२) कार्यकारी समितिले खेलकुद सम्पन्न भए पश्चात् समावेश भएका खेलहरु लगायतका विभिन्न कार्यहरु समावेश गरी खेलकुद सम्बन्धी स्मारिका प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन मन्त्रालयले नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-८

## <u>नारा, गीत, मस्कट तथा प्रतीक चिन्ह</u>

४०. **<u>नारा,गीत,मस्कट तथा प्रतिक चिन्हः</u>** (१) खेलकुदको नारा, गीत, मस्कट तथा प्रतीक चिन्ह सार्वजनिक गरी प्रयोगमा ल्याउने व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने नारा, गीत, मस्कट तथा प्रतीक चिन्ह आयोजक समितिले निर्धारण गर्नेछ ।

(३) उपदफा (१) बमोजिम सार्वजनिक गरिने नारा, गीत, मस्कट तथा प्रतीक चिन्ह निर्धारण गर्नु पूर्व आयोजक समितिले आवश्यकताअनुसार मूल्याङ्कन तथा सिफारिस कार्यदल गठन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्धारण भएका नारा, दक्षिण एशियाली खेलकुद गीत, मस्कट तथा प्रतीक चिन्ह यस कार्यविधिको अनुसूचीमा परेको मानिनेछ ।

(५) यस दफा बमोजिमको खेलकुदको गीत सहभागी सातै देशको भाषामा गाउने व्यवस्था गरिनेछ ।

## परिच्छेद-९

## <u>विविध</u>

४१. **<u>डोपिङ्ग परीक्षण</u>:** खेलकुद सहभागी हुने टिमका खेलाडीहरुको अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको नियमानुसार साउथ एशियन रिजनल एन्टि डोपिङ्ग एजेन्सीसँग समन्वय गरी डोपिङ्ग परीक्षण गर्ने व्यवस्था गरिनेछ ।

४२. **<u>खेल विवाद</u>**: खेलकुद सञ्चालन अवधिमा कुनै विवाद उत्पन्न भई सम्बन्धित खेलसंघद्धारा समाधान हुन नसकेमा प्रचलित अन्तर्राष्ट्रिय नियमानुसार छानबिन गरी विवाद समाधान गर्न सहभागी सबै देशका प्रतिनिधिहरु रहेको एक उच्च स्तरीय विवाद समाधान समिति गठन गरिनेछ र सो समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

४३. **<u>पदक तथा प्रमाणपत्र</u>**: (१) खेलकुदमा सहभागी भई स्वर्ण, रजत र कास्य पदक विजेता खेलाडीलाई आवश्यक पदक तथा प्रमाणपत्र उपलब्ध गराउने तथा वितरण गर्ने व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम पदक तथा प्रमाणपत्र उपलब्ध गराउँदा जुन खेलको जुन इभेन्टस् सम्पन्न हुन्छ, सोही इभेन्टस्को पदक तथा प्रमाणपत्र तत्कालै वितरण गर्ने व्यवस्था गरिनेछ ।

४४. **<u>प्राविधिक तथा अन्य कर्मचारी व्यवस्था:</u>** (१) रेफ्री, अम्पाएर, जज, टाईम किपर र इन्स्पेक्टर लगायतका प्राविधिकको आवश्यकतानुसार व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) अनुसारको जनशक्ति स्वदेशमा उपलब्ध नभएमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटिको प्रचलित नियम अनुसार अन्य देशका प्राविधिक जनशक्ति उपयोगमा ल्याउन सकिनेछ ।

(३) उपदफा (२) अनुसारको उपयोगमा ल्याइएका व्यक्तिको सेवा सुविधा सम्बन्धी व्यवस्था आपसी सहमतिमा निर्धारण गरिनेछ ।

(४) उपदफा (१) बमोजिमका व्यक्तिहरुलाई अतिरिक्त समय काम गरे वापत नियमानुसार विशेष भत्ताको व्यवस्था गरिनेछ ।

४५. **<u>समन्वय तथा सहकार्यः</u>** (१) खेलकुदमा समावेश भएका खेल सम्बद्ध नेपालका राष्ट्रिय खेल संघहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय तथा सहकार्य गर्दा राष्ट्रिय खेल संघहरुले देहायको भूमिका निर्वाह गर्नु पर्नेछः-

(क) खेल सञ्चालनको लागि प्राविधिक समितिलाई सहयोग गर्ने,

(ख) विषयगत समितिहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) खेल सामाग्रीको मापदण्ड निर्धारणका लागि सहयोग गर्ने,

(घ) वैदेशिक प्रशिक्षणमा जाने खेलाडीहरुका लागि आवश्यक व्यवस्था मिलाउने,

(ङ) बन्द प्रशिक्षणका समयमा खेल र खेलाडीहरुको अनुगमन, मूल्याङ्कन गर्ने,

(च) आफ्नो खेलसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ वा महासंघसँग समन्वय कायम गर्ने,

(छ) अन्तर्राष्ट्रिय खेल संघको नियम पालना गर्ने ।

४६. **<u>झण्डा हस्तान्तरणः</u>** खेलकुद समापनका अवसरमा नियमानुसार दोस्रो राष्ट्रलाई चौधौं दक्षिण एशियाली खेलकुद आयोजना गर्ने जिम्मेवारी हस्तान्तरण गर्न झण्डा हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

४७. **<u>बाधा अडकाउ फुकाउने अधिकारः</u>** यस कार्यविधिमा भएको व्यवस्थाले खेलकुद आयोजना, सञ्चालन तथा व्यवस्थापनमा कुनै कठिनाइ उत्पन्न हुने देखिएमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

## अनुसूची १

### (दफा ५ सँग सम्बन्धित)

### खेल र खेल संख्या

| क्र.स | खेल | कैफियत |
|---|---|---|
| १ | आर्चरी | |
| २ | एथलेटिक्स | |
| ३ | ब्याडमिन्टन | |
| ४ | बास्केटबल | 5*5 बास्केटबल र 3*3 बास्केटबल |
| ५ | बक्सिङ्ग | |
| ६ | साइक्लिन | |
| ७ | क्रिकेट | |
| ८ | फेन्सिङ्ग | |
| ९ | फुटबल | |
| १० | गल्फ | |
| ११ | ह्यान्डबल | |
| १२ | जुडो | |
| १३ | कराते | |
| १४ | कबड्डी | |
| १५ | खो खो | |
| १६ | प्याराग्लाडिङ्ग | |
| १७ | सुटिङ्ग | |
| १८ | स्वीमिङ्ग | |
| १९ | स्क्वास | |
| २० | टेबलटेनिस | |
| २१ | टेनिस | |
| २२ | ताइक्वान्दो | |
| २३ | ट्रायथलन | |
| २४ | भलिबल | बिच भलिबल समेत |
| २५ | भारोत्तोलन | |
| २६ | कुश्ती | |
| २७ | उसु | |

## अनुसूची २

### (दफा १६ सँग सम्बन्धित)

### विषयगत समितिको काम, कर्तव्य र अधिकार

**(क) <u>राष्ट्रिय टिम तयारी समितिको काम, कर्तव्य र अधिकार :-</u>**

१. परिषद्ले आयोजना गरेका तथा राष्ट्रिय खेल संघहरुद्धारा परिषद्को स्वीकृत लिई आयोजना गरिएका आधिकारिक प्रतियोगिताहरुबाट छनौट भई आएका खेलाडीहरुलाई बन्द प्रशिक्षणमा राखी प्रशिक्षणको व्यवस्था मिलाउने ।

२. बन्द प्रशिक्षणमा रहने खेलाडीहरुको किट्स, खाना र आवासको व्यवस्था मिलाउने ।

३. प्रशिक्षणको लागि आवश्यक पर्ने खेल सामाग्रीहरुको विवरण तयार गरी प्राविधिक समितिसँग समन्वय गरी व्यवस्थित प्रशिक्षणको व्यवस्था मिलाउने ।

४. आवश्यकतानुसार स्वदेशी तथा वैदेशिक प्रशिक्षणको लागि कार्यकारी समितिसँग समन्वय गरी प्रशिक्षणको व्यवस्था मिलाउने ।

५. विदेशी प्रशिक्षकको आवश्यकता भएमा सम्बन्धित निकायसँग समन्वय गरी खेलाडी प्रशिक्षणका लागि विदेशी प्रशिक्षकको व्यवस्था मिलाउने ।

६. प्रशिक्षणको नियमित अनुगमन, मूल्याङ्कन र विश्लेषण गरी उत्कृष्ट प्रशिक्षण सञ्चालन गर्ने व्यवस्था मिलाउने।

७. समितिको कार्य सञ्चालनका लागि आवश्यक कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने।

८. समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने ।

९. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।

१०. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।

११. कामको प्रगति विवरण र प्रशिक्षण व्यवस्थापनका बारेमा आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।

१२. विषयगत समितिसँग समन्वय गर्ने, समितिमा आईपर्ने अन्य आवश्यक सम्पूर्ण कार्य गर्ने, गराउने ।

१३. खेलाडी छनौट, प्रशिक्षण तथा तयारीसँग सम्बन्धी कार्य परिषद् मार्फत गर्ने, गराउने ।

**१४.** खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्र्यौट गर्ने, गराउने ।

**(ख) <u>खेलस्थल व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः-</u>**

१. खेलकुदको लागि निर्धारण गरिएका खेलस्थलहरुका बारेमा विषयगत समितिहरुलाई यथासमयमा जानकारी गराउने ।

२. खेलस्थलहरुको मर्मत, सम्भार गर्नुपर्ने भएमा मर्मत, सम्भार गरी तयारी अवस्थामा राख्ने ।

३. खेल स्थलमा अतिथि,दर्शक तथा पत्रकार समेतलाई सहज रुपले बस्ने तथा अवलोकन गर्ने व्यवस्था मिलाउने ।

४. खेल सञ्चालन गर्न चाहिने आवश्यक सामग्रीको व्यवस्था मिलाउने ।

५. खेल सञ्चालन हुने स्थान व्यवस्थापनका बारेमा सम्बन्धित संघ, समितिहरुलाई जानकारी गराउने ।

६. समितिको कार्य सञ्चालनका लागि आवश्यक कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने।

७. समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने ।

८. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।

९. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।

१०.कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।

११.विषयगत समितिसँग समन्वय गर्ने, समितिमा आइपर्ने अन्य आवश्यक सम्पूर्ण कार्य गर्ने, गराउने ।

१२.रेफ्री तालिम सञ्चालन गर्ने गराउने ।

१३. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्र्यौट गर्ने, गराउने ।

**(ग) <u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः-</u>**

१. खेल सञ्चालनका लागि खेलगत रुपमा प्राविधिक जनशक्ति परिचालनको व्यवस्था मिलाउने ।

२. परिषद्मा उपलब्ध प्रशिक्षक तथा प्राविधिकहरुलाई आवश्यकतानुसार परिचालन गर्ने, गराउने ।

३. सहभागी खेलका राष्ट्रिय संघ तथा विदेशी टिमसँग आवश्यक समन्वय गरी कार्य गर्ने, गराउने ।

४. खेल सञ्चालनमा आवश्यक पर्ने प्राविधिक जनशक्ति तथा खेल सामाग्रीको व्यवस्था मिलाउने ।

५. खेल सञ्चालनका लागि खेल संघहरुसँग समन्वय गरी तालिका तयार गर्ने ।

६. खेल संघसँग समन्वय गरी खेलगत रेफ्री, जुरी, निर्णायकको व्यवस्था गर्ने ।

७. पदक तथा प्रमाणपत्रको संख्या निर्धारण गर्ने ।

८. खेल प्राविधिक पुस्तिका तयार गरी सम्बन्धित खेल संघमार्फत् वितरण गर्ने गराउने ।

९. समितिको कार्य सञ्चालनका लागि कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने ।

१०. समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने ।

११.समितिको लागि आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।

१२.कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।

१३.समितिको कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।

१४.अन्तर्राष्ट्रिय खेल संघको नियमानुसार खेल सञ्चालन गर्ने, गराउने ।

१५.विषयगत समितिसँग समन्वय गर्ने, समितिमा आइपर्ने अन्य आवश्यक सम्पूर्ण कार्य गर्ने, गराउने ।

१६.खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्र्यौट गर्ने, गराउने ।

**(घ) स्रोत साधन परिचालन समितिको काम, कर्तव्य र अधिकारः-**

१. नेपाल सरकारबाट प्राप्त बजेटलाई व्यवस्थित किसिमले परिचालन गर्न योजना बनाउने ।
२. स्रोत परिचालनका लागि कार्यकारी समितिको स्वीकृतीमा विभिन्न संघ संस्था, दाता र विज्ञापनदाताको खोजी गर्ने ।
३. समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने ।
४. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।
५. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।
६. समितिको कार्य सञ्चालनका लागि आवश्यक कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने ।
७. समितिको कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।
८. विधागत समितिसँग समन्वय गर्ने, समितिमा आईपर्ने अन्य आवश्यक सम्पूर्ण कार्य गर्ने, गराउने ।
९. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछर्यौट गर्ने, गराउने ।
१०. साधन स्रोत परिचालनको पारदर्शी र व्यवस्थित अभिलेख राखी सोको प्रतिवेदन कार्यकारी समितिलाई बुझाउने ।

**(ङ) सुरक्षा समितिको काम, कर्तव्य र अधिकार**

१. खेलकुद आयोजना, सञ्चालन र व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण सुरक्षाको प्रबन्ध मिलाउने ।
२. हवाई मार्ग र स्थल मार्गबाट आउने खेलाडी, अफिसियल तथा अन्य अतिथिहरुको सुरक्षा व्यवस्था मिलाउने।
३. खेलाडी, अफिसियल तथा अतिथिहरुको लागि खेलस्थल तथा बसोबास स्थलमा उचित सुरक्षा व्यवस्थाको प्रबन्ध मिलाउने ।
४. समितिलाई आवश्यक पर्ने कर्मचारीहरुको माग गरी आवश्यक व्यवस्था मिलाउने ।
५. विभिन्न विषयगत समितिहरुसँग समन्वय गरी समितिहरुको आवश्यक सुरक्षा व्यवस्था मिलाउने ।
६. खेलकुदमा सहभागी विदेशी खेलाडी तथा अफिसियलहरुको आगमन तथा फर्कने समयमा आवश्यक सुरक्षाको व्यवस्था मिलाउने ।
७. कार्यक्रम उद्घाटन तथा समापनको समयमा समारोह समितिसँग समन्वय गरी आवश्यक सुरक्षा एवं ट्राफिक व्यवस्था मिलाउने ।
८. सुरक्षा निकायसँग समन्वय गरी विशिष्ट र अतिविशिष्ट लगायतका अतिथिहरु एवं खेलाडीहरुलाई कार्यक्रम स्थलमा आउँदा जाँदा स्कर्टिङ्गको व्यवस्था मिलाउने।
९. सुरक्षा प्रबन्ध मिलाउन चाहिने आवश्यक विद्युतीय उपकरण (Electronic device) को व्यवस्था मिलाउने ।
१०. सुरक्षा निकायसँग समन्वय गरी सुरक्षा सम्बन्धी सम्पूर्ण व्यवस्था मिलाउने ।

११.सुरक्षा सम्बन्धी कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने ।

१२.सम्बन्धित समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने र तत्काल आईपर्ने कार्यहरु गर्ने,

१३.समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।

१४.कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।

१५. समितिको कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।

**१६.** खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्र्यौट गर्ने, गराउने ।

**(च) <u>आवास व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>**

१. प्रचलित अन्तर्राष्ट्रिय मापदण्ड अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागी खेलाडी, व्यवस्थापक, अफिसियल, रेफ्री, निर्णायक, जुरी तथा सम्पूर्ण अतिथिहरुको खाना तथा आवासको व्यवस्था मिलाउने ।

२. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।

३. हवाई एवं स्थलमार्गबाट आउने विदेशी खेलाडी तथा अतिथिहरुलाई आवास स्थलसम्म पुऱ्याउने व्यवस्था मिलाउने ।

४. यातायात व्यवस्थाका लागि यातायात समितिसँग समन्वय गर्ने ।

५. समितिको कार्य सञ्चालनका लागि आवश्यक कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने।

६. समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने र तत्काल आइपर्ने कार्यहरु गर्ने, गराउने ।

७. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।

८. समितिको कामको प्रगति विवरण कार्यकारी समितिमा जानकारी गराउने ।

९. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्र्यौट गर्ने, गराउने ।

**(छ) <u>यातायात व्यवस्था समितिको काम, कर्तव्य र अधिकारः-</u>**

१. खेलकुदका लागि आवश्यक पर्ने सवारी साधनको संख्या निर्धारण गरी सोको आवश्यक व्यवस्था मिलाउने ।

२. सवारी साधन भाडामा लिनु परेमा प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी भाडामा लिने ।

३. अतिथि सत्कार समितिले व्यवस्था गरे बमोजिमका स्थानहरुबाट अतिथि, खेलाडी, अफिसियल, प्राविधिक र अन्य व्यक्तिलाई खेल स्थलसम्म ल्याउने र लैजाने व्यवस्था मिलाउने ।

४. विभिन्न समिति तथा सचिवालय साथै अन्य अतिथिहरुका लागि आवश्यक सवारी साधनको व्यवस्था मिलाउने ।

५. समितिको कार्य सञ्चालनका लागि कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने ।

६. समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने ।

७. आवश्यकतानुसार कार्यदल गठन गरी कार्य गर्ने व्यवस्था मिलाउने ।

८. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।

९. यातायात व्यवस्था मिलाउन आवश्यक पर्ने डिभाइसहरुको व्यवस्था गर्ने ।

१०.कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।

११.कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।

१२.विषयगत समितिसँग समन्वय गर्ने, समितिमा आईपर्ने अन्य आवश्यक सम्पूर्ण कार्य गर्ने, गराउने

१३.खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फर्छ्यौट गर्ने, गराउने ।

**(ज) <u>स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकारः-</u>**

१. खेल अवधिभर खेलस्थलमा प्राथमिक उपचारका साधन सहित स्वास्थ्यकर्मीको व्यवस्था गर्ने ।

२. स्वास्थ्य सामाग्री सहित खेल स्थल र बसोबास गर्ने स्थानमा स्वयंसेवकको व्यवस्था मिलाउने ।

३. सहभागी देशका स्वास्थ्यकर्मीहरुसँग सम्पर्क र समन्वय गर्ने ।

४. विभिन्न विषयगत समितिसँग समन्वय गरी स्वास्थ्य सामग्रीहरुको यथोचित व्यवस्था मिलाउने ।

५. खेल अवधिमा घाइते हुन पुगेका खेलाडीहरुको प्रकृति हेरी उपचारको व्यवस्था मिलाउने ।

६. समितिको कार्य सञ्चालनका लागि आवश्यक कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने ।

७. समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने ।

८. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।

९. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।

१०. कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।

११. खेलाडी तथा सहभागीहरुको दुर्घटना बिमाको प्रबन्ध मिलाउने ।

१२. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फर्छ्यौट गर्ने, गराउने ।

**(झ) <u>प्रचार प्रसार तथा प्रकाशन समितिको काम, कर्तव्य र अधिकारः-</u>**

१. खेलकुद सञ्चालन हुनुपूर्व र खेल अवधिभर विभिन्न सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने, गराउने ।

२. खेलकुदको जिंगल तयार गरी प्रोमो, टेलिभिजन र रेडियोबाट बजाउने व्यवस्था मिलाउने ।

३. मिडिया सेन्टरको स्थापना गरी त्यसको लागि आवश्यक कर्मचारी, फर्निचर एवं कम्प्यूटर, फ्याक्स, टेलिफोन, सफ्टवेयर,वेभसाईड, नेट जस्ता विद्युतीय यन्त्रको व्यवस्था मिलाउने ।

४. मिडिया सेन्टर मार्फत् खेलकुद गतिविधि सम्बन्धित सबैलाई जानकारी गराउने ।

५. उद्घाटन समारोहको उल्टो दिन (count down) गन्ती प्रसारण गर्ने व्यवस्था मिलाउने ।

६. स्वदेशी तथा विदेशी प्राविधिक विशेषज्ञ आवश्यक भएमा कार्यकारी समितिबाट स्वीकृत गराई माग गर्ने

७. टेलिभिजन राईट्स बिक्री गर्नका लागि आवश्यक व्यवस्था मिलाउने ।

८. दक्षिण एशियाली खेलकुद राष्ट्रका मिडियाहरुलाई आवश्यक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने र सम्बन्धित मिडियासँग समन्वय गर्ने ।

९. खेल अवधिभर दैनिक "दक्षिण एशियाली खेलकुद बुलेटिन"प्रकाशित गर्ने।

१०. खेलको समाप्ती पश्चात् नतिजा यथाशीघ्र सार्वजनिक गर्ने, गराउने ।

११. सहभागी खेलाडी, प्रशिक्षक, निर्णायक, रेफ्री र अफिसियलहरुको नाम र संख्या संकलन गर्ने ।

१२. सहभागी खेलका स्वर्ण, रजत र कास्य स्थान प्राप्त गर्ने खेलाडीहरुको खेलगत नामावली सङ्कलन गर्ने ।

१३. कार्यक्रम सुरु हुनुपुर्व जानकारी मूलक बुलेटिन र कार्यक्रम समाप्ती पश्चात् सम्पूर्ण नतिजा सहितको स्मारिका प्रकाशन गर्ने ।

१४. समितिको कार्य सञ्चालनका लागि कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने

१५. समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने ।

१६. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।

१७. खेलकुदको समुद्घाटन, समापन समारोह र विभिन्न खेल स्थलहरुमा भएका खेलहरुको प्रत्यक्ष प्रसारणको व्यवस्था गर्ने, गराउने ।

१८. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।

१९. समितिको कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।

२०. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्र्यौट गर्ने, गराउने ।

**(ञ) समारोह व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः-**

१. खेलकुदको समुद्घाटन तथा समापन समारोहको लागि आवश्यक व्यवस्थापन गर्ने ।

२. प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरुको स्वागत गर्ने र सवारी चलाउने व्यवस्था मिलाउने ।

३. खेलकुदको समुद्घाटन तथा समापन समारोहको कार्यक्रम पुस्तिका तयार गर्ने ।

४. खेलकुदको समुद्घाटन तथा समापन समारोह सम्पन्न गर्न विभिन्न समिति, संघ संस्था, विद्यालय, कलेज, सुरक्षा निकाय लगायत अन्य निकायसँग समन्वय गरी कार्य गर्ने ।

५. खेलकुदको समारोहका लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्नुपर्ने भएमा तालिमको व्यवस्था मिलाउने ।

६. भिक्ट्री समारोहको व्यवस्थापन गरी पदक तथा प्रमाणपत्र वितरण गर्ने व्यवस्था गर्ने ।

७. खेलकुदको समुद्घाटन तथा समापन समारोहमा गीत, नृत्य, सांस्कृतिक झलक दर्शाउने झाँकी आदि प्रस्तुतीका साथै आतासबाजी गर्ने व्यवस्था मिलाउने ।

८. समितिको कार्य सञ्चालनका लागि कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने ।

९. समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने

१०. आवश्यकतानुसार कार्यदल गठन गरी कार्य गर्ने व्यवस्था मिलाउने

११. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने
१२. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।
१३. समितिको कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।
१४. खेलकुदका समारोहलाई आकर्षक, भव्य र व्यवस्थित गर्न बजेटको परिधिभित्र रही आवश्यक अन्य कार्य गर्ने गराउने ।
१५. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्यौंट गर्ने, गराउने ।

**(ट) स्वयंसेवक परिचालन समितिको काम, कर्तव्य र अधिकारः-**

१. खेलकुदमा खटाइने स्वयंसेवकका लागि आवश्यक जनशक्तिको छनौट गरी तालिमको व्यवस्था गर्ने ।
२. तालिम प्राप्त स्वयंसेवकहरुलाई विधागत समितिहरुसँग समन्वय गरी कार्यक्षेत्र तोक्ने ।
३. स्वयंसेवक छनौट गर्दा तालिम अवधि र खेल अवधिका आधारमा समय सीमा तोकी काममा लगाउने ।
४. समितिको कार्य सञ्चालनका लागि कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने ।
५. समिति र खेल संघसँग आवश्यक समन्वय गर्ने ।
६. आवश्यकतानुसार कार्यदल गठन गरी कार्य गर्ने व्यवस्था मिलाउने ।
७. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।
८. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।
९. समितिको कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।
१०. समितिसँग समन्वय गर्ने तथा समितिमा आइपर्ने अन्य आवश्यक सम्पूर्ण कार्य गर्ने, गराउने ।
११. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्यौंट गर्ने, गराउने ।

**(ठ) अनुगमन, निरीक्षण तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः-**

१. खेलकुदको आयोजना, सञ्चालन तथा व्यवस्थापन तथा तयारी सम्बन्धमा अनुगमन, निरीक्षण गरी आवश्यक निर्देशन दिने ।
२. समितिको कार्य सञ्चालनका लागि कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने ।
३. समिति र खेल संघसँग समन्वय गर्ने ।
४. आवश्यकतानुसार कार्यदल गठन गरी कार्य गर्ने व्यवस्था मिलाउने ।
५. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।
६. समितिको कार्य सञ्चालनका लागि आवश्यक कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने।
७. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।
८. समितिको कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।
९. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्यौंट गर्ने, गराउने।

(ड) <u>अतिथि सत्कार समितिका काम, कर्तव्य र अधिकारहरुः-</u>

१. स्वदेशी तथा विदेशी अतिथिहरुको स्वागत सत्कारको व्यवस्था मिलाउने
२. आवश्यकता अनुसार कार्यदल गठन गरी कार्य गर्ने व्यवस्था मिलाउने ।
३. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।
४. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।
५. समितिको कार्य सञ्चालनका लागि कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने
६. समितिको कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।
७. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्र्यौट गर्ने, गराउने ।

(ढ) <u>खेल सामग्री, उपकरण तथा पोशाक व्यवस्थापन समितिका काम, कर्तव्य र अधिकारहरुः-</u>

१. खेलकुदको लागि आवश्यक खेल सामग्री, उपकरण तथा पोशाकको व्यवस्था गर्ने, गराउने ।
२. खेलकुदमा खरिद हुने सामग्रीको गुणस्तर र संख्या यकिन गर्ने ।
३. खरिद गरिएका सामग्रीको भण्डारण तथा वितरणको व्यवस्था गर्ने गराउने ।
४. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।
५. खेलकुदको लागि आवश्यक पदक तथा प्रमाणपत्र एवं मायाको चिनो/उपहारको प्रबन्ध गर्ने गराउने।
६. कार्यकारी समितिको निर्देशन पालना गर्ने, गराउने ।
७. समितिको कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।
८. समितिको कार्य सञ्चालनका लागि कार्यविधि तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराउने ।
९. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्र्यौट गर्ने, गराउने ।

(ण) <u>एन्टी डोपिङ समितिका काम, कर्तव्य र अधिकारहरुः-</u>

१. अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको नियमानुसार सहभागी राष्ट्रका खेलाडीहरुको डोपिङ्ग परीक्षण गर्ने व्यवस्था मिलाउने ।
२. आवश्यकता अनुसार कार्यदल गठन गरी कार्य गर्ने व्यवस्था मिलाउने ।
३. समितिलाई आवश्यक पर्ने कर्मचारी कार्यकारी समितिसँग माग गर्ने ।
४. डोपिङ्ग परिक्षण सम्बन्धी प्रचलित नियम तथा कार्यकारी समितिको निर्देशनको पालना गर्ने, गराउने ।
५. समितिको कामको प्रगति विवरण आवश्यकतानुसार कार्यकारी समितिमा जानकारी गराउने ।
६. खेलकुद सम्पन्न भएको पैतीस दिनभित्र पेश्की फछ्र्यौट गर्ने, गराउने ।

## अनुसूचि ३
## (दफा २० सँग सम्बन्धित)
## सपथको ढाँचा

**(क)** खेलाडीका लागि सपथ

म सम्पूर्ण खेलाडीहरुको तर्फबाट यस तेह्रौं दक्षिण एशियाली खेलकुदमा समावेश खेलका सम्पूर्ण नियमहरुको पालन तथा आदर गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेल्ने प्रतिज्ञा गर्दछु ।

**(ख)** निर्णायक तथा अफिसियलका लागि सपथ

म सम्पूर्ण जज तथा अफिसियलहरुको तर्फबाट यस तेह्रौं दक्षिण एशियाली खेलकुदमा समावेश खेलका सम्पूर्ण नियमहरुको पालन तथा आदर गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेलाउने प्रतिज्ञा गर्दछु।